# मिड सोलु हाईड्रोपावर लिमिटेड
# Mid Solu Hydropower Limited

रजिष्ट्रार कार्यालय : बानेश्वर-३१, काठमाडौं, फोन नं. ०१-४५७०५८४
इमेल: midsolu.hydropower@gmail.com वेबसाइट: www.midsoluhydropower.com.np

को

## तेश्रो बार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/०९/०५ गते)

**श्री आदरणीय शेयरधनीमहानुभावहरु,**

मिति २०८१ साल पौष महिनाको ४ गते बसेको यस मिड सोलु हाईड्रोपावर लिमिटेडको सञ्चालक समितिको बैठकले निर्णय गरे अनुसार यस लिमिटेड कम्पनीको तेश्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषय उपर छलफल तथा निर्णयहरु गर्नको लागि बस्ने भएको हुँदा संस्थापक तथा सर्वसाधारण शेयरधनी महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थानः**

**सभा हुने मिति** : २०८१ साल पौष २८ गते आइतबार (तद्नुसार सन २०२५, जनवरी १२) ।
**सभा शुरु हुने समय** : दिउसो १२:३० बजे ।
**सभा हुने स्थान** : मानसरोबर पार्टी प्यालेस, बाबुराम आचार्य सडक, पुरानो बानेश्वर, काठमाण्डौ ।

**छलफलको लागि प्रस्तावित विषयहरु :**

**क. सामान्य प्रस्तावहरुः**

१. आर्थिक वर्ष २०८०/०८१ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।
२. आर्थिक वर्ष २०८०/०८१ को लेखापरीक्षकको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरि अनुमोदन गर्ने ।
३. आर्थिक वर्ष २०८१/२०८२ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४. सञ्चालक समितिको पदपुर्ती, गठन, र स्वतन्त्र संचालकको नियुक्तिको अनुमोदन सम्बन्धमा ।

**ख. विशेष प्रस्तावहरुः**

१. कम्पनीको नियमावलीको नियम ३०(१)(ग) संसोधन गर्ने सम्बन्धमा ।
२. कम्पनीको संचालक समितिमा सर्वसाधारण समूहको १ जना संचालक पदको निर्वाचन गर्ने सम्बन्धमा ।
३. कम्पनीको प्रवन्धपत्र र नियमावलीमा भएको संशोधन सम्बन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन,परिमार्जन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

१. यस कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सम्पूर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणित गर्न तथा आधिकारिक हस्ताक्षर गर्न अख्तियारी दिने सम्बन्धमा ।

सञ्चालक समितिको आज्ञाले,
**कम्पनी सचिव**

**वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारीहरुः**

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०८१/०९/१४ गते एक दिनका लागि कम्पनीको शेयरधनी दर्ता किताव बन्द गरिने छ। नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८१/०९/१३ गतेका दिनसम्म कारोबार भई शेयर खरिद गरि आफ्नो नाममा शेयर नामसारी भई आएका शेयरधनिहरु सो सभामा भाग लिन र मतदान गर्न योग्य हुनेछन।
२. शेयरधनी महानुभावहरुलाई वार्षिक साधारण सभाको सूचना सम्बन्धी कागजातहरु शेयरधनी दर्ता किताबमा कायम रहेको ठेगानामा जानकारी गरिनेछ। कुनै कारणवस कुनै शेयरधनी महानुभावहरुलाई सूचना प्राप्त नभएमा कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा.वडा न. ३१ मध्य बानेश्वर काठमाण्डौंमा सम्पर्क गर्न सकिनेछ।
३. वार्षिक साधारण सभामा भाग लिन हुने शेयरधनि महानुभावहरुले आफ्नो परिचय पत्र प्रस्तुत गरेपछि मात्र सभाकक्ष भित्र प्रवेश गर्न पाइने छ। सभामा भाग लिन प्रत्येक शेयरधनी महानुभावले सभाको दिन सभा सुरु हुनु भन्दा पहिले नै उपस्थिति भई त्यँहा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुहुन अनुरोध छ। हाजिरी पुस्तिका बिहान ११:०० बजे देखि संचालन रहेसम्म खुल्ला रहने छ।
४. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले आफ्नो सम्पूर्ण शेयरको एउटै प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी अर्को शेयरधनी लाई सभा शुरु हुने समय भन्दा कम्तीमा ४८ घण्टा अगाडि कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा. वडा न. ३१ मध्ये बानेश्वर काठमाण्डौंमा दर्ता गरिसक्नु पर्नेछ।
५. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि वा प्रतिनिधि फेरबदल गर्न चाहेमा पनि सभा शुरु हुनु भन्दा कम्तीमा २४ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालय मध्ये बानेश्वर काठमाण्डौमा प्राप्त हुने गरी सोको सूचना पठाउनु पर्नेछ। उक्त दिन सार्वजनिक विदा हुन गएमा पनि उल्लेखित प्रयोजनको लागि कम्पनी खुल्ला रहनेछ।
६. शेयरधनी महानुभावहरुले व्यक्त गर्नु भएका जिज्ञासा, मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिका तर्फबाट सामूहिक रूपले वा संचालक समितिको अध्यक्ष वा अध्यक्षले तोकेको व्यक्तिले उत्तर दिन सक्नु हुनेछ।
७. सञ्चालक निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतको कार्यालयबाट कम्तीमा वार्षिक साधारण सभा हुनुभन्दा कम्तीमा ७ दिन अगाडी कम्पनीको सूचना पाटीमा प्रकाशित सूचना अनुसार हुनेछ।
८. साधारणसभा र सर्वसाधारण संचालकको निर्वाचन सम्बन्धी कुनै जानकारी वा अन्य कुनै जानकारीको लागि कम्पनीको वेवसाईड र बानेश्वर स्थित रजिष्टर्ड कार्यालयमा सम्पर्क गर्न सकिनेछ।
९. साधारण सभामा प्रस्तुत गरिएका प्रस्तावहरुमा आफ्नो राय तथा सुझावहरु दिन चाहनु हुने शेयरधनीहरुले मिति पौष २६, २०८१ दिउँसोको २:०० बजेसम्ममा आफ्नो राय तथा सुझावहरु लिखित रुपमा उपलब्ध गराउनु पर्नेछ। लिखित रुपमा राय तथा सुझावहरु उपलब्ध गराउने शेयरधनीहरुले मात्र उक्त सभामा आफ्नो राय तथा सुझावहरु राख्न पाउनेछन्।
१०. संरक्षक रहनु भएका शेयरधनी महानुभावहरुका तर्फबाट कम्पनीका शेयरधनी दर्ता किताबमा संरक्षकको रूपमा नाम दर्ता भएको व्यक्तिले, संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनी दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति, अथवा सर्वसम्मतिबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले र कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरधनीको हैसियतले सभामा भाग लिन र मतदान गर्न सक्नु हुनेछ।
११. शान्ति सुरक्षाका कारण साधारण सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुलाई झोला, ब्याग तथा अन्य वस्तुहरु नल्याउनु हुन अनुरोध छ। साथै सभाको सुरक्षाका लागि खटिएका सुरक्षाकर्मीहरुले शेयरधनी महानुभावहरु लगायत सभा कक्षमा प्रवेश गर्ने सबैको झोला, व्याग र शरीर जाँच गर्न सक्नेछन्।
१२. कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसारको संक्षिप्त वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, शेयरधनीको विवरण, शेयरधनीहरुले निरीक्षण वा प्राप्त गर्न चाहनु भएमा यस संस्थाको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ३१ मध्य बानेश्वर, काठमाण्डौं तथा यस कम्पनीको शेयर रजिष्ट्रार एन आई सी एसिया क्यापिटल लिमिटेड थापाथली काठमाडौंबाट नियमानुसार प्राप्त गर्न सक्नु हुनेछ।

मिति २०८१/०९/०५ गतेको कारोबार दैनिकमा प्रकाशित गर्ने